रामगोपालपुर नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

रामगोपालपुर, महोत्तरी

मधेश प्रदेश, नेपाल

प.सं. : २०८०।०८१
च.नं. :

मिति:२०८०।५।१८

## प्रेस विज्ञप्ती

आज मिति २०८०।०५।१८ गते सोमवारका दिन यस रामगोपालपुर नगरपालिका वडा नं.८ मा रहेको श्री राष्ट्रिय माध्यमिक विद्यालय हरिहरपुर विर्ता को कक्षा १० मा अध्ययनरत विद्यार्थीहरु मध्ये करिब ५-७ जनाको समुहले यस न.पा. कार्यालयमा विहानको करिब ११:०० बजे आई उक्त विद्यालयमा कार्यरत शिक्षक श्री रामप्रताप मण्डल लाई सरुवाको मांग राखी निवेदन दिई निवेदक विद्यार्थीहरु कार्यालयबाट बाहिर निस्कीए लगत्तै अचानक चक्का जाम गरी नियोजित रुपमा न.पा. कार्यालयमा ढुंगामुढा गरी कार्यालयको सम्पूर्ण झ्याल, ढोकाको सिसा, ए.सि., कम्प्यूटर, फोटोकापी मेसिन, सि.सि.टि.भि.क्यामरा लगायतका कार्यालय सरसामानहरु तोडफोर गरेको साथै श्री राष्ट्रिय माध्यमिक विद्यालय हरिहरपुर विर्ताका प्र.अ.श्री फिरनेश्वर मिश्रको मोटरसाईकल नं.ज.३प.२७२७ थान १ र न.पा.कार्यालयको सरकारी नम्बर प्लेट मोटरसाईकल नं.प्रदेश २-०२-००१ बा.०२७५ गरी जम्मा २ थान मोटरसाईकलहरु मा आगजनी गरेको अराजक घटना प्रति नगरपालिकाको गम्भिर ध्यानाकर्षण भई घटना प्रति घोर भत्सर्ना गर्दछु । यस घटनामा संलग्न दोषीहरुको पहिचान गरी कानुनी दायरामा ल्याइने कुरा सर्व साधारणमा सहर्ष जानकारी गराउदै संम्यमता पूर्वक रहन नगरवासीहरुमा अनुरोध गर्दछु । यस अराजक घटनाको निष्पक्ष छानवीन गर्ने कार्यमा आवश्यक सहयोग गर्नुहुन सम्वद्ध सवै निकायमा हार्दिक अनुरोध गर्दछु ।

..........
रामदुलार साह
नगर प्रमुख

राम दुलार साह
नगर प्रमुख